संघीय संसद

राष्ट्रिय सभा

अठारौं अधिवेशन

बैठक-५

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

२०८२ वैशाख २२ गते, सोमवार

*बैठक प्रारम्भ १: :३० बजे*

*बैठक स्थगित :४:५२ बजे*

---

संघीय संसद, राष्ट्रिय सभाको अठारौं अधिवेशनको पाचौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:३० बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य कृष्ण बहादुर रोकायले** मध्यपहाडी राजमार्ग अन्तर्गत जाजरकोट र रुकुम जोड्ने भेरी नदिमा मोटरेवल पुल हालसम्म पनि नबन्दा उक्त आयोजनाले गति लिन नसकेको बताउँदै सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य घनश्याम रिजालले** नेपाल र चिन जोड्ने दोलखा लामाबगर नाका सञ्चालनका लागि चिनतर्फ सबै भौतिक पूर्वाधार निर्माण भैसकेको तर नेपालतर्फबाट कुनै प्रक्रिया अगाडि नबढेको बताउँदै उक्त नाका छिटो सञ्चालन गर्ने वातावरण निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य पुजा चौधरीले** प्रिशा साह र सुशान्त ओलीको वैदेशिक भूमिमा भएको असामयिक निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उक्त घटनाको बारेमा सत्यतथ्य छानविन गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य रुकमिणी कोइरालाले** सामाजिक सञ्जालको दुरुपयोगबाट नेपालमा आपराधिक घटना बढ्दै गएको बताउँदै यस सम्बन्धमा गम्भिर हुन सम्बन्धित निकाय तथा मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य रेनु चन्दले** अछामको जयगढ बजारमा भएको आगलागीका कारण ८ करोड बराबरको क्षति भएको बताउँदै सरकार समक्ष अस्थाई आवास तथा बजार पुनर्स्थापनाको व्यवस्था गर्न माग गर्नुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटाले** वर्षा सुरु भैसकेको अवस्थामा नेपालको अधिकांश राजमार्ग क्षतविक्षत अवस्थामा रहेको बताउँदै सहज यात्राको व्यवस्थापन हुने वातावरण निर्माण गर्न सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु देवी पुडासैनीले** व्यक्तिगत घटना दर्ता घटना घटको निश्चित समय भित्र गरिसक्ने गरी निर्धारण गर्नुपर्ने बताउनुभयो।

**माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले** २०८१ चैत १५ गते घटेको घटनाका विषयमा सत्यतथ्य छानविन गरी मुख्य दोषीलाई कारवाहीको दायरामा ल्याउन नेपाल सरकारको ध्यानाकर्षण गराउनु भयो।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले** लेखा समितिमा परेका उजुरीहरू मध्ये धेरै उजुरीहरू अलपत्र अवस्थामा रहेको बताउँदै समितिमा परेका सबै उजुरीहरूको समयमै छलफल गरी सत्यतथ्य छानविन गर्ने ब्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य सावित्री मल्लले** दैलेख जिल्ला बिभिन्न प्रकारका प्राकृतिक विपदको जोखिममा रहेको र पटक पटक क्षति भोग्नु परेको बताउँदै उक्त क्षेत्रमा विपद् जोखिम न्यूनिकरणमा गम्भीरताका साथ लाग्न नेपाल सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल**लाई सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८२ साल वैशाख १९ गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले , आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि **१४ जना** माननीय सदस्यहरूबाट संशोधन प्रस्तावहरू प्राप्त हुन आएका र संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुले आ-आफ्नो संशोधन प्रस्ताव सहित छलफलमा भाग

लिनुपर्ने र दलीय आधारमा बिभाजन भएको समय नै उपयोग हुने व्यहोरा जानकारी गराउदै देहायका माननीय सदस्यहरूलाई छलफलमा भाग लिन क्रमशः समय उपलब्ध गराउनु भयोः-

| | | | |
|---|---|---|---|
| १. | माननीय सदस्य गोपाल भट्टराई | १२. | माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे |
| २. | माननीय सदस्य नारायण काजी श्रेष्ठ | १३. | माननीय सदस्य रुकमिणी कोइराला |
| ३. | माननीय सदस्य आनन्द प्रसाद ढुंगाना | १४. | माननीय सदस्य झक्कु प्रसाद सुवेदी |
| ४. | माननीय सदस्य डा. बेदुराम भुसाल | १५. | माननीय सदस्य नारायण दत्त मिश्र |
| ५. | माननीय सदस्य मोहम्मद खालिद | १६. | माननीय सदस्य राधेश्याम पासवान |
| ६. | माननीय सदस्य शेखर कुमार सिंह | १७. | माननीय सदस्य विष्णु देवी पुडासैनी |
| ७. | माननीय सदस्य तुल प्रसाद विश्वकर्मा | १८. | माननीय सदस्य रेनु चन्द |
| ८. | माननीय सदस्य बामदेव गौतम | १९. | माननीय सदस्य विष्णु कुमारी सापकोटा |
| ९. | माननीय सदस्य शारदा देवी भट्ट | २०. | माननीय सदस्य पदम बहादुर परियार |
| १०. | माननीय सदस्य जग प्रसाद शर्मा | २१. | माननीय सदस्य माया प्रसाद शर्मा |
| ११. | माननीय सदस्य नारायण दत्त भट्ट | २२. | माननीय सदस्य तुलसा कुमारी दाहाल |

त्यसपछि, सम्माननीय आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा छलफल जारी रहने ब्यहोरा जानकारी गराउनुभयो।

तदनुरुप, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८२ साल वैशाख २३ गते मङ्गलबार अपराह्न १२ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा दिनुभयो। ।

(पद्मप्रसाद पाण्डेय)

महासचिव